# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १७ गते ०१ साल

## भाग ७

## सूचना

जिल्लाका जागीरदारहरू बिदा लिई सदरमा आइरहेका अवस्थामा बिरामी भै म्यादभित्र बहाल रहेका अड्डामा हाजिर हुन जान नशक्ने हुनगै म्यादको निकासालाई दरखास्त पर्नआएमा सर्वश्री डा. एन्. सी. दास, डा. सिद्धिमणि आ. दी, डा. यज्ञमान, डा. जितसिंह मल्ल, डा. हल्डरसमेत जवानमध्ये जवान १ ले जाँची ठहराई दिएका सर्टिफिकेट राखी ल्याएकोमा मात्र हेरी बुझी म्याद-को निकासा दिनु भन्ने तालुक अड्डाहरूका नाउँमा सनद भैरहेकोमा अबउप्रान्त सरकारी अस्पतालमा बहाल रहेका रजिष्ट्रेबल क्वालिफिकेशन भएका जुनसुकै डाक्टरले बिरामी जाँची दिएका सर्टिफिकेट सामेल राखी म्यादको निकासालाई दरखास्त पर्नआएमा सवालबमोजिम निकासा गरिदिने गराउने भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ ।

सेक्रेटरी——स्वास्थ्यविभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

श्री
सरदार
विष्णु ध्वज जोशी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।